साकेला गाउँपालिकाको

# नीति, बजेट तथा कार्यक्रम-२०७५/०७६

गाउँसभाबाट स्वीकृत मिति: २०७५/०३/३०

साकेला गाउँपालिका

खोटाङ, १ नं. प्रदेश, नेपाल

## प्रस्तुतकर्ता

सरिता खड्का

साकेला गाउँपालिका उपाध्यक्ष

श्रीमान सभाध्यक्ष महोदय,

गाउँसभाका मान्य सदस्यज्यूहरु,

गाउँपालिका तथा विषयगत कार्यालयमा कार्यरत कर्मचारीगण,

सम्पूर्ण अतिथीगण,

र उपस्थित महानुभावहरु ।

सर्वप्रथम, नेपालको इतिहासमा सदियौंदेखी नै केन्द्रिकृत रहेको सिंहदरबार केन्द्रित अधिकार सवैधानिक व्यवस्था अनुरुप नै स्थानीय स्तरमा आउने गरि सम्पन्न स्थानीय तहको ऐतिहासिक निर्वाचन पश्चात सञ्चालन भइरहेको यस साकेला गाउँपालिकाको दोस्रो बजेट अधिवेशनमा उपस्थित हुनुभएका जननिर्वाचित गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपालको राजनैतिक, सामाजिक विकासक्रमका विभिन्न श्रृंखलाहरुमा प्रष्फुटित जनताका आवश्यकता र चाहनाअनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरुपको वर्तमान सार्वभौमसत्तासम्पन्न नेपालको स्थानीय सरकारका रुपमा रहेको यस साकेला गाउँपालिकाको गरिमामय दोस्रो बजेट अधिवेशनमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सुअवसर प्राप्त भएकोमा आफुलाई शौभाग्यशाली महसुस गरेकी छु । त्यसैगरि, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थायुक्त नेपाल निर्माणको क्रममा आफ्नो प्राण आहूति गर्नुभएका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

**सभाध्यक्ष महोदय,**

आजको समयमा आर्थिक विकासयुक्त समाज अपरिहार्य बनिसकेको व्यहोरा उपस्थित सम्पूर्णमा अवगतै छ । समयको गतिशीलताअनुरुप समाजले पनि आफ्नो स्वरुपलाई क्रमिक रुपमा रुपान्तरण गरिरहन्छ । समाज र विकास एकअर्काका परिपूरक हुन् । स्थानीय परिवेशमा उपलब्ध प्राकृतिक स्रोतसाधनको यथासक्य उपयोग गर्दै यी दुवैको निरन्तरतालाई समानान्तर गति दिनसके मात्र समृद्ध समाज निर्माणको परिकल्पनालाई गन्तव्यसम्म पुऱ्याउन सकिन्छ भन्ने पवित्र उद्देश्य राखी संघीय राज्य नेपालको प्रदेश नं. १, खोटाङ जिल्लाको रमणीय पर्यटकीय तथा धार्मिक स्थल टेम्केको काखमा अवस्थित तावा र साप्सुले सीमाबद्ध गरेको सुन्दर र रमणीय स्थलको रुपमा, ५ वटा वडाहरु मिली

बनेको, ७९.९९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस साकेला गाउँपालिकाको कूल जनसंख्या ११,५९४ रहेको छ । अब यो सुन्दर गाउँपालिकालाई समृद्ध र नमूना गाउँपालिका बनाउने हाम्रा निर्वाचित जनप्रतिनिधिहरुको काधमा निरन्तर अभिभारा थपिएको छ ।

स्थानीय तह सञ्चालनका लागि कानून निर्माण भई कार्यान्वयनमा भइरहेको यो स्थितिमा प्रदेश तथा संघीय सरकारको मार्गदर्शनमा रही हामीले संविधानको मूल मर्म र भावनालाई आत्मसात गर्दै प्राप्त नियम, निर्देशिका र स्वयम स्थानीय सरकारले तय गरिएको नियम, कार्यविधि, आचारसंहिता भित्र रही रही स्थानीय तहको प्रभावकारी रुपमा सञ्चालनका निमित्त जवाफदेहिता, पारदर्शिता एवम् सुशासनका सिद्धान्तहरुलाई आत्मसात गर्दै आम जनतालाई सहज र सरल सेवा उवलब्ध गराउन सम्पूर्ण निर्वाचित प्रतिनिधिहरु प्रतिवद्ध छौ साथै यस अवस्थामा स्वभाविक रुपमा राज्य पुनरसंरचना र त्यसको पुर्ण कार्यान्वयनको संक्रमणकालिन घडीमा संघीयता प्रतिको बुझाइमा अनेकरुपता, असहजता, व्यवस्थापकीय चुनौती र सिङ्गो समाजमा पुरातन शैली र प्रवृत्तिको केही प्रतिविम्व देखिएतापनी मूल रुपमा यस गाउँपालिकाले लिएको समग्र नीति कार्यक्रमलाई जनताको पहुँच सम्म पुऱ्याई सवैखाले विकासको साझा अपनत्वको विकास भएकोछ । यसैलाई मुख्य आधार बनाई अझ थप सवैखाले सरोकारवाला पक्षसँग आवश्यक सहकार्य र समन्वय समेत गरी नीति तथा कार्यक्रम प्रस्तुत गरिएकोछ ।

**साकेला गाउँपालिका आ.व. २०७५/७६ को बजेट तर्जुमा गर्दा लिइएका मूख्य आधारहरु:-**

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची
- नेपालको संविधानमा उल्लिखित मौलिक हकंहरु
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्वन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- नेपाल सरकारवाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु

- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्वन्धित विषयहरु
- साकेला गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

**योजना/आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु**

१) यस गाउँपालिकाको अपरिहार्य आवश्यकता र आर्थिक विकासलाई सम्वोधन गर्ने किसिममा भौतिक पुर्वाधारहरु ।

२) उत्पादनमूलक र शिघ्र प्रतिफल दिने ।

३) आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुऱ्याउने ।

४) छिटोछरीतो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।

५) जवाफदेहिता, पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।

६) स्थानीय प्राकृतिक स्रोत-साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने ।

७) प्राकृतिक प्रकोप एवम् विपद व्यवस्थापनमा सहयोग पुग्ने ।

८) परम्परागत धर्म, सस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने ।

९) वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने ।

१०) गाउँपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने ।

११) लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

१२) चालु आ.व. मा भएका प्रगति हेरी पुन: कार्यक्रम थप गरिने नीति बनाइने छ ।

१३) प्रगतिको आधारमा योजनाहरु क्रमागत रुपमा संसोधन गरिने छ ।

**सभाध्यक्ष महोदय,**

यस साकेला गाउँपालिकाको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

साकेला गाउँपालिका समष्टिगत नीतिहरु:

- पूर्वाधार विकासमा लामो समयदेखि पछाडी परेको यस साकेला गाउँपालिकाको सर्वाङ्गिण विकासको लागि पूर्वाधार विकासमा केन्द्रीत हुने नीति लिइनेछ ।
- भ्रष्टाचारमुक्त, पारदर्शी र सहभागितामूलक आर्थिक समृद्धि सहितको दीगो विकास प्रक्रियालाई आत्मसात गर्दै विकास निर्माणमा हुने ढिलासुस्ती र बेथितीलाई अन्त्य गर्ने र विकासनिर्माणका कार्यक्रमलाई पूर्ण रुपमा व्यवस्थित र विधीसम्मत बनाउने नीति लिइनेछ ।
- गाउँपालिकावासी जनताले आर्थिक सामाजिक विकासको सन्दर्भमा देखेको सपनालाई साकार बनाउन आधार प्रदान गर्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- समृद्ध र आत्मनिर्भर गाउँपालिका बनाउन विस्तृत सम्भाव्यता अध्ययन गरि यहाँका प्राकृतिक स्रोतहरु जमिन, जंगल, जल र जडीबुटीको भरपूर उपयोगको नीति लिइनेछ ।
- विकासका मूल संवाहक मानव संसाधन भएको हुँदा त्यस्तो जनशक्ति उत्पादनलाई आधार प्रदान गर्न सर्वसुलभ स्वास्थ्य सेवा, व्यवहारिक एवम् गुणस्तरीय शिक्षामा जोड दिइने नीति लिइनेछ ।
- जिल्लाकै अग्लो शिखर टेम्के लगायत विभिन्न धार्मिक स्थलहरु साप्सुढाप, वडा नं. १ स्वीत तिन धारे, धोद्रेश्वर (धन्यश्वरी), साकेला थान, तारेभिर, सिंहदेवी, जयपतिनाथ, अन्नपूर्णदेवी तथा रर्मणिय स्थलहरु चखेवा भन्ज्याङ, तावाभन्ज्याङ तथा तावाताल, सम्भाव्यता अध्ययन,

टेम्के डाँडा, सेल्मे डाँडा, मपारुड डाँडा, मानेभन्ज्याड, भुसिया डाँडा, डम्मरेटारलाई समेटेर तयार पारिएको एकीकृत पैर्यटन गरुयोजना को आधारमा विशेष आयोजनाको पहल गरिने छ ।

- यस् गाउँपालिकामा रहेको तीव्र वाहय बसाइसराईको दरलाई निवारण गर्न शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, यातायात, सञ्चार लगायतका अत्यावश्यक सेवाहरुको विकास गरि एकीकृत वस्ती विकासको अवधारणा ल्याई आयआर्जन मूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

## आर्थिक विकास सम्बन्धी नीतिहरुः

- यस साकेला गाउँपालिका भित्र हालसम्म जीवननिर्वाहमूखी कृषि प्रणालीले निरन्तरता पाइरहेको अवस्थामा आधुनिक र व्यावसायीक कृषि प्रणालीको अवलम्बन गर्ने नीति लिइनेछ ।
- तयार भएको वाली उत्पादन कृषि गुरुयोजनाको आधारमा गाउँपालिका क्षेत्रभित्र भू-उपयोग नीतिलाई प्रभावकारी वनाउने उद्देश्यले पकेट क्षेत्र निर्धारण गरिएको "एक वडा एक नमूना कृषि केन्द्र" लाई प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ ।
- यस गाउँपालिका भित्र कृषि उत्पादीत वस्तु भण्डारण तथा वजार व्यवस्थापनको एकीकृत योजना बनाई प्रभावकारी रुपमा लागु गर्ने लक्ष्य लिइनेछ ।
- कृषिमा आधारीत साना उद्योग व्यवसायलाई प्रोत्साहन गर्नका लागि उत्कृष्ट कृषक तथा उद्यमिलाई पुरष्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- कृषि सम्वन्धी विषय दक्षता हासिल भएका फर्म, सरकारी तथा गैरसरकारी संस्था तथा कृषि सहकारी संस्थाहरुको सहभागितामा समपूरक साझेदारीमा निश्चित मापदण्ड र उत्कृष्ट प्रस्तावलाई पहिलो प्राथमिकता दिइनेछ ।
- आगामी २ वर्ष भित्रमा यस गाउँपालिका भित्रका सवै वडामा दक्ष जनशक्ती सहित व्यवसायीक कृषिलाई प्रविधिमैत्री बनाइनेछ ।
- सहुलियत कृषि कार्यकम अन्तर्गत मल, बीउ र प्राविधिक परामर्शको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै गाउँपालिका स्तरमै नर्सरी व्यवस्थापन, बीउ भण्डारण गरि प्रर्याप्त मात्रामा वितरण गर्ने व्यवस्था मिलाइने छ ।

- आगामि ४ वर्ष भित्र यस साकेला गाउँपालिकालाई रासायनीक मल तथा विषादी प्रयोग मुक्त गाउँपालिका घोषणा गर्ने नीति अवलम्बन गर्दै प्रांगारिक मल तथा जैविक विषादी प्रयोगलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- आयआर्जनमा आधारित व्यवसायीक कृषि तथा पशुपालनको क्षेत्रमा कार्यरत अगुवा कृषकहरुलाई समेटी कृषिमा लगानी तथा प्रगतिको विवरण अद्यावधिक गर्ने, कृषि सम्बन्धी जनचेतना फैलाउने उद्देश्यले कृषि प्रसार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिका भित्र पशुपञ्छी पालनको सम्भाव्यतालाई अध्ययन गरि व्यवसायिक पशुपञ्छि पालनलाई बढवा दिन नश्ल सुधार गरि उन्नत जानका पशुपंछी भित्राउन तथा आधुनिक पशुविकास कार्यक्रममा जोड दिइनेछ ।
- स्थानीय स्तरमा उपलब्ध कच्चापदार्थ उत्पादन तथा प्रसोधन (जस्तै: मच्छिनो प्रसोधन, अल्लो प्रसोधन, नेपाली कागज उत्पादन, राडीपाखी, ढाका लगायतका घरबुना कपडाहरुको उत्पादन), जस्ता कार्यको बालनीको लागि आवश्यक प्रकृया मिलाई कम्तिमा एक वडा एक उत्पादन तथा प्रसोधन व्यवसायमा जोड दिइनेछ ।
- महिला, दलित, विपन्न पिछडीएको वर्ग र फरक क्षमता भएकाहरुलाई लक्षित गरि साना उद्योग व्यावसायको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**सामाजिक विकास सम्बन्धी नीतिहरु**

- साकेला गाउँपालिका भित्र मनाइने विभिन्न चाडपर्वहरु, परम्परागत सस्कृतिको संरक्षण र सम्वर्धन गरि रुढिवादी परम्पराहरुलाई निर्मूल पार्दै सभ्य एवं सुसस्कृत समाज निर्माणको लागि सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।
- प्रयोग भई आएका मन्दिर, गुफा, माने, गुम्बा, चैत्य, चर्च, चौतारा, ठाँटी, पाटीपौवा, सार्वजनीक धारा, कुवाको उचित संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- समाजमा सचेतना अभिवृद्धि, सामाजिक सहकार्य, लैगिक समानता, जातिय विभेद उन्मुलन, कुप्रथा उन्मुलन, सामाजिक समावेशीकरणको लागि यस गाउँपालिका भित्र रहेका विभिन्न सामुदायीक संघ संस्थाहरुलाई उचित तवरले परिचालन गरिनेछ ।

- यस गाउँपालिका स्तरीय अस्पताल स्थापनाको लागि आवश्यक प्रकृया मिलाई नेपाल सरकार समक्ष पहल गरिनेछ ।
- आधारभुत स्वास्थ्य सेवा, सुरक्षीत मातृत्व, ज्येष्ठ नागरिकलाई स्वास्थ्य सौलेत जस्ता अत्यावश्यक सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रत्येक वडामा प्रशुती गृह, स्वास्थ्य प्रयोगसाला, निशूल्क औषधिको प्रयाप्त उपलब्धता, गाउँपालिका स्तरमा एम्बुलेन्स सेवा लगायतका व्यवस्था गरि स्वास्थ्य संस्थाहरुको क्षमता बिकास तथा अनुगमन नियमनको उचित कार्यविधि तर्जुमा गरिनेछ ।
- यस गाउँपालिका भित्रको भौगोलिक कठिनाइलाई मध्यनजर गरि खण्डित भुगोलमा सामुदायीक स्वास्थ्य एकाई स्थापनामा आवश्यक पहल तथा कार्यान्वयन गरिनेछ ।
- शिशुको आहारलाई ध्यानमा राखी जनचेतना अभिबृद्धिका कार्यक्रम सहितको पोषणयुक्त आहारा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- यस गाउँपालिकामा प्राकृतिक जडिबुटी लगायत अन्य आयुर्वेधिक औषधी तथा उपचारलाई बढवा दिन आवश्यक आयुर्वेदीक स्वास्थ्य केन्द्र स्थापनाको लागि पहल कदमी गरिनेछ ।
- गाउँपालिका स्तरीय शिक्षा सुधार कार्यक्रमलाई कार्यान्वयन गर्ने गराउने गरि अनुगमन नियमन कार्यविधिलाई भरपर्दो प्रभावकारी शिक्षा सुधार संयन्त्र मार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा आधारभूत तहलाई गुणस्तरीय बनाउन बालमैत्री विद्यालय र बालमैत्री कक्षाकोठाको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने, आधारभूत तहमा अंग्रेजी माध्यमबाट शिक्षा दिइने जस्ता कार्यमा विशेष ध्यान दिइनेछ ।
- परम्परागत शिक्षा प्रणालीलाई प्रतिस्थापन गर्दै प्राविधिक, व्यवहारीक एवं जीवनोपयोगी शिक्षालाई प्रोत्साहन गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका स्तरमा सञ्चालित बहुमुखी क्याम्पसको स्तरोन्नती, जनशक्ति व्यवस्थापन तथा एक प्राविधिक शिक्षालय सञ्चालनको लागि आवश्यक पहलकदमि गरिनेछ ।

- घरभित्रको धुँवारहित, खुला दिसामुक्त, पूर्ण खोपयुक्त वडा घोषणाको प्रभावकारी कार्यान्वयन गर्नुको साथै पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा लाई प्राथमिकताको सूचीमा राखि समग्र गाउँपालिकाको मानव विकास सूचकांकमा सुधार ल्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- सञ्चालीत खानेपानी योजनाको रेखदेख, मर्मत सम्भार गर्ने तथा प्रत्येक नागरिकको स्वच्छ पिउने पानी उपभोगको अधिकारलाई सुनिश्चित गर्न खानेपानी सम्भाव्यता अध्ययन तथा स्रोत पहिचान गरि तत्कालिन र दिर्गकालिन खानेपानी एकिकृत योजना तर्जुमा गरि कार्यन्वयनमा आवश्यक पहल गरिनेछ ।
- खेलकुद क्षेत्रको उचित विकासलाई मध्य नजर गर्दै गाउँपालिका स्तरीय खेलमैदान तथा खेलकुद सँग सम्वन्धित अन्य पूर्वाधार वयवस्थाका लागि विशेष व्यवस्था गरिनेछ ।

**पूर्वाधार विकास सम्वन्धि नितीहरु :**

- यस साकेला गाउँपालिकामा आगमी २ वर्ष भित्रमा वाहैं महिना सवारी आगमन सुचारु गर्नका लागि आवश्यक कार्यक्रमहरुलाई विशेष प्राथमिकतामा राखिनेछ ।
- हरित सडकको अवधारणलाई कार्यन्वयनमा ल्याउन निर्माण गर्दा वातावरण मैत्री क्रियाकलाप ( जस्तै सडक निर्माणस्थलमा भएको रुख विरुवाको संरक्षण, सडक किनारमा वृक्षरोपन) लाई विशेष ध्यान दिईनेछ ।
- सडक निर्माण सम्वन्धि निश्चित मापदण्ड गरि नयाँ सडक निर्माण भन्दा ट्र्याक खोलि सकिएको सडकलाई स्तरोन्नती गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने निती लिइनेछ ।
- यस गाँउपालिका भित्र रणनीतकिक महत्व राख्ने सडकहरु मध्ये पहाडी लोकमार्गलाई जोडने कात्तिके सोस्तुड - रतन्छा - वाभे ब्यानडाँडा सडक कालोपत्रे गर्नको लागि संघीय तथा प्रदेश सरकार सँग बजेट माग गरिनेछ । दिक्तेल - साप्सु - मात्तिम - मानेभन्ज्याङ्ग - खिदिमा - पाचधारे सडक अन्तर्गत साप्सु - पाचधारे खण्ड कालोपत्रे गर्नको लागि संघीय तथा प्रदेश सरकार समक्ष थप बजेट माग गरिनेछ । रतन्छा - मानेभन्ज्याड - खिदिमा हुँदै छितापोखरी पञ्चमी सडकलाई स्तरोन्नतीको लागि प्रदेश तथा संघीय सरकारलाई बजेट माग गरिनेछ । यस गाँउपालिकालाई तराई सँग द्रुत मार्गको रुपमा जोड्नका लागि मात्तिम तावाँदोवान दिखवा दोभान हुदै रेग्मिटार जोडने सडक निर्माण कार्यलाई साप्सु कोरिडरको रुपमा नामाकरण गरि मूख्य रुपमा प्राथमिकतामा राखिने छ ।
- अन्तर गाउ-नगरपालिका, जिल्ला सँग समेत समन्वय गरि सिमा स्थित नाकाहरुमा ट्र्याकलाई स्तरोन्ती गर्नका लागि आवश्यक पहल कदमी गरिनेछ ।
- यस साकेला गाउँपालिकालाई आगमी ३ वर्ष भित्रमा उज्वालो साकेला गाउँपालिका घोषणा अभियान सफल पार्नका लागि केन्द्रिय विद्युत विस्तार आयोजना तथा स्थानीय विद्युत उत्पादन

तथा विस्तार योजनालाई प्राथमिकताका साथ प्रत्येक वडामा सञ्चालन गरि घरघरमा विद्युतीकरण गरिनेछ ।

- यस गाउँपालिका भित्र रहेका साप्सु खोला तावाखोला लगायतका नदि नालाहरुलाई भरपुर मात्रामा उपयोग गर्ने नीती लिई सम्भाव्याता अध्यान गरी सार्वजानिक निती वित्तिय सहकारी साझेदारी सहितको संयुक्त लगानीको आधरमा तयार गरिनेछ ।
- यस गाउँपालिकाभित्र रहेका सिचाई योजनालाई खेती योग्य जमिनलाई ध्यान दिदै १२ महिना सञ्चालन गरिने तिनिहरुको स्तररोन्नतीलाई उच्च प्राथमिकतामा राखिनेछ ।
- यस गाउँपालिाकाका सवै वडामा टेलिफोन सेवाको प्रयाप्त र भरपर्दो उपलब्धताको लागि आवश्यक स्थानमा टेलिफोन टावर निर्माणको लागि सम्भाव्यता अध्यान गरी आवश्यक व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकाका प्रत्येक वडामा ईन्टरनेट सेवाको समुचित पँहुच विस्ताको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा पाक्षिक रुपमा, सञ्चालन भईरहेको मानेभन्ज्याङ्गलाई यस आ.व.भित्र नै साप्ताहिक रुपमा सञ्चालन गरिनेछ ।
- यस गाउँपालिको भित्र निर्मानधिन स्वस्थ्य चौकी भवनहरु साप्सु खोला तावा खोला वडा नं. २ विद्युत विस्तार मध्ये पहाडी लोकमार्ग अन्तरगत वडा नं. १ मा पर्ने खण्ड लगायत महत्वपूर्ण विकासका पूर्वाधारहरु सम्पन्न गर्न गराउन कडाईका साथ आवश्यक कदम चालिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन सम्वन्धि नितीहरु :**

- आईपर्न सक्ने प्राकृतिक एवं मानवीय सङकटलाई ध्यान दिई एक गाउँपालिका स्तरको विपद व्यवस्थापन कोष खडा गरिनेछ ।
- विकास प्रकृयालाई वातावरण एवं जलवायू मैत्री वनाउन जोड दिईनेछ ।
- वन क्षेत्रको संरक्षणलाई वैज्ञानिक वनाई त्यसको दिगो उपयोगलाई सुनिश्चितता दिईनेछ ।
- प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ्ग सेन्टर, सार्वजानिक सौचालय निर्माण, चेतनामूलक कार्यक्रमका लगायताका व्यवस्थाहरु गरिनेछ ।

**संस्थागत विकास तथा सेवा प्रभाह सम्वन्धि नितीहरु :**

- सेवा प्रभाहलाई चुस्त दुरुस्त एवम् विद्युतिय सुचना प्रविधि मैत्री वनाउन कर्मचारीलाई आवश्यक तालिम तथा प्रोत्साहनको वयवस्था गरिनेछ ।
- आगमी ४ वर्ष भित्र गाउँकार्यपालिका तथा सवै वडा कार्यालयहरुको लागि आवश्यक न्यूनतम संस्थागत पूर्वाधार तयार गरिनेछ ।
- गाउँपालिकाका हरेक कार्यलयमा नागरीक वडा पत्र, गूनासो पेटिका सुचना अधिकारी गूनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ ।
- गाउँपालिकास्थित सवै कार्यालयको लागि एकिकृत व्यवस्थापन सुचना प्रणाली लागु गरिनेछ ।

वित्तिय व्यस्थापन तथा सुशासन सम्वन्धि नीतिहरु:

- गाउँपालिका  तथा यसका सम्पूर्ण वडाहरुको लेखा प्रणालीलाई व्यवस्थित गर्न सफ्टवयर बनाई लागु गरिनेछ ।
- राजश्व परिचालनको लागि गाउँपालिकद्धारा निर्धारित करको दायारालाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याई संकलित राजश्वको  समुचित उपयोग गरिनेछ ।
- वित्तिय अनुसाशन कायम गराउन तथा वित्तिय जोखिम न्यूनिकरण गर्न आवश्यक कार्यविधी तर्जुमा गरि योजना सञ्चालनलाई सो कार्यविधी अनुरुप मात्र अगाडी बढाउने व्यवस्था मिलाईनेछ ।
- यस  गाउँपालिकाद्धारा सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सन्दर्भमा गाउँपालिकाको सदस्यको रोहबरमा चौमासिक रुपमा अनिवार्य सार्वजानिक सुनवाई गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाद्धारा विनियोजित योजना तथा  वजेटको चौमासिक रुपमा आन्तारिक लेखापरिक्षण गराई प्रचलित कानुन वमोजिम तोकिएको समयमा अन्तिम लेखापरिक्षण गर्नु पर्ने व्यवस्थालाई कडाईको साथ लागू गरिनेछ ।
- यस गाउँपालिकास्थित वडा (साविक गा.वि.स.) हरुको नाममा गत विगतदेखि रहेको पेश्कि तथा वेरुजु रकमलाई चालु आ.व. भित्र फछ्र्यौट गर्ने व्यव्स्थालाई कडाईको  साथ लागू गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अव म आ.व. २०७४/०७५ को आम्दानी र खर्च सभा समक्ष प्रस्तुत गर्ने अनुमती चाहान्छु । स्थानीय तह कार्यान्वयनमा आए सँगै यँस साकेला गाउँपालिकाको लागि चालु तर्फ रु. ३ करोड ६२ हजार ६ सय ७७ रुपैया र पूँजिगत तर्फ रु. १६ करोड ५ लाख ५१ हजार गरी जम्मा रु. १९ करोड २ लाख १३ हजार ६ सय ७७ रुपैया वजेट विनियोजन भएकोमा चालु तथा पुँजिगत खर्च नियमित चलिरहेको हुँदा पछिल्लो सभामा प्रस्तुत गरिनेछ ।

**सभाध्यक्ष महोदय**

अव म आगामी आ.व. २०७५/७६ मा सञ्चालन गरिने प्रमुख कार्यक्रमहरु र विनियोजित वजेट विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु ।

यस आ.व. मा आयतर्फ नेपाल सरकार अर्थमन्त्रालयवाट प्राप्त वित्तिय समानिकरण अनुदान अन्तर्गत रु. ६ करोड, सशर्त अनुदान तर्फ रु. ८ करोड ७२ लाख, राजस्व बाँडफाँडवाट रु. ३ करोड ९५ लाख ८३ हजार, आन्तरिक राजस्वबाट रु. १ लाँख ५० हजार, प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान हस्तान्तरण रु. ३३ लाख २ हजार, राजस्व बाँडफाँड रु. ३३ लाख ६५ हजार र अन्य वित्तिय अनुदानबाट रु. १ करोड गरि आ. व. २०७५/०७६ को लागि जम्मा कुल बजेट २० करोड ३६ लाख रहेकोछ ।

आ.व. २०७५/०७६ को ससर्त तर्फ रु. ८ करोड ७२ लाखको कार्यक्रम केन्द्रबाटै तय भई आएको हुनाले सोही वमोजिम अनुमोदन हुन र प्रदेश सरकारवाट अन्य वित्तिय समानिकरण अनुदान रु. १ करोड को कार्यक्रम पछिल्लो सभामा प्रस्तुत गरिने भएकोले बाँकी रु. १० करोड ६४ लाख बजेटलाई चालु तर्फ रु. २ करोड ९९ लाख र पुँजिगत तर्फ ७ करोड ६५ लाख कायम हुन आएकोले विभाजित वजेट वमोजिम कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।

श्रीमान् सभाध्यक्ष महोदय

माननीय सदस्यज्यूहरु

गाउँपालिका तथा विषयगत कार्यालयमा कार्यरत कर्मचारी गण

उपस्थित महानुभावहरु

यसरी आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुऱ्याउनुहुने गाउँसभा, गाउँकार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्यूहरु, वस्तिस्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, नागरिक समाज, वुद्धिजीवी तथा बजेट निर्माण प्रकृयामा अहोरात्र खटिरहनुभएका कर्मचारी लगायत बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुनै सम्पुर्ण महानुभावप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

साकेला गाउँशभाबाट मिति २०७५/०३/३० मा पारित साकेला गाउँ कार्यपालिकाको **"नीति, बजेट तथा कार्यक्रम २०७५/०७६"** नियमानुसार प्रमाणिकरण गर्दछु ।

मिति: २०७५/०३/३१

अर्जुनकुमार खड्का
अध्यक्ष

साकेला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, मानेभन्ज्याङ, खोटाङ

आर्थिक वर्ष २०७५/७६ को एकीकृत योजना तर्जुमा समितिले तय गरेको वार्षिक कार्यक्रमको

# योजना

अनुसूची - १

| क्र.स. | योजनाको नाम | प्रस्तावीत बजेट/रकम |
|---|---|---|
| १ | कृषि पकेट विकास कार्यक्रम | ३५००००० |
| २ | पर्यटन प्रवर्धन | १०००००० |
| | जम्मा | ४५००००० |
| | **सामजिक विकास** | |
| १ | शैक्षिक सुधार तथा मर्मत सम्भार | ३४००००० |
| २ | स्वास्थ्य उपकरण, औषधी तथा जनशक्ती व्यवस्थापन | १७००००० |
| ३ | यूवा तथा खेलकूद कार्यक्रम | ७००००० |
| ४ | महिला ससक्तिकरण तथा सीप विकास कार्यक्रम | ५००००० |
| ५ | आदिवासी जनजाती उत्थान कार्यक्रम | ३००००० |
| ६ | फोहोर मैला व्यवस्थापन केन्द्र | १०००००० |
| ७ | विपद व्यवस्थापन | २००००० |
| ८ | वैदेशिक रोजगार प्रवर्धन कार्यक्रम | ३००००० |
| | जम्मा | ८१००००० |
| | **खानेपानी** | |
| १ | ए.डी.बी खा.पा. मर्मत (वाफे च्यान्डाडा) | २५०००० |
| २ | ठुलो कुवा दमाई गाउ खा.पा. योजना मर्मत (वाफे च्यान्डाडा) | ५०००० |
| ३ | सुन्तले टोल खा.पा. मूहान संरक्षण (रतन्छा) | ४००००० |
| ४ | पिनालाखा सिरान खा.पा. योजना (रतन्छा) | २००००० |
| ५ | वाहय खोप केन्द्र चर्पी निमाण (खिदिमा) | ५०००० |
| ६ | कोका खा.पा. निर्माण योजना (खिदिमा) | १५०००० |
| ७ | ढाडे निगाले खा.पा. मर्मत योजना (खिदिमा) | १००००० |
| ८ | पिचाकु धनवरे पाउदुरे वडा कार्यालय खा.पा. निर्माण योजना (मात्तिम ४) | ३००००० |
| ९ | भालुडगे खा.पा. मर्मत योजना (मात्तिम ४) | १००००० |

| | | | |
|---|---|---|---|
| १० | आचार्य गाड, मगर गाड खा.पा. निर्माण योजना धगेरी (मात्तिम ४) | | १००००० |
| ११ | भोटेखड्टा खा.पा. मर्मत योजना (मात्तिम ४) | | १००००० |
| १२ | चताप भुलभुले खा.पा. निर्माण योजना (मात्तिम ५) | | ६००००० |
| | | जम्मा | २४००००० |
| | **मठमन्दीर प्रवर्धन** | | |
| १ | तिनधारे मन्दीर पर्यटन (वडा १) | | १००००० |
| २ | धन्नेश्वरी गुफा संरक्षण (वडा २) | | १००००० |
| ३ | नियाङ्ला गुम्बा घडेरी निर्माण (वडा ३) | | ५०००० |
| ४ | म्हार मेन्दू गुम्बा चर्पि निर्माण (वडा ३) | | ५०००० |
| ५ | चुइहयाङ्ला गुम्बा निर्माण योजना मानेभन्ज्याड (वडा ४) | | १००००० |
| ६ | जयपती मन्दीर मर्मत सम्भार (वडा ५) | | १००००० |
| | | जम्मा | ५००००० |
| | **संस्थागत विकास** | | |
| १ | आवधिक गुरुयोजना तयारी | | १०००००० |
| २ | पार्श्व चित्र तयारी | | १०००००० |
| | | जम्मा | २०००००० |
| | **पूर्वाधार विकास** | | |
| १ | वडा नं.१ विद्युत विस्तार योजना | | १५००००० |
| २ | वडा नं.३ विद्युत विस्तार योजना | | १५००००० |
| ३ | भालुखोप कुलो डाडागाउ सिंचाई योजना (वडा १) | | २००००० |
| ४ | भालुखोला माथिल्लो कुलो सिंचाई योजना (वडा १) | | २००००० |
| ५ | बानुवा खोला सिंचाई कुलो योजना (वडा २) | | ४००००० |
| ६ | सिंचाई पायप खरिद योजना (वडा २) | | ३००००० |
| ७ | धुम्से खोला सिंचाई योजना पायप खरिद (वडा ४) | | ३००००० |
| ८ | ढाडे खोला मुहान लंकाधूर पाउदूरे सिंचाई योजना (वडा ४) | | १००००० |
| ९ | भुलभुले देवीस्थान देवीखोला सिंचाई योजना (वडा ४) | | १००००० |
| १० | वायोम्मा कात्तिके वोफुई सिंचाई कुलो योजना (वडा ५) | | २००००० |
| ११ | मखुवा खोला सिंचाई मर्मत योजना (पायप खरिद) कात्तिके सोल्तुड योजना (रतन्छा सडकले बिगारेको) | | २००००० |
| | **गा.पा. स्तरीय सडक** | | |
| १२ | मानेभन्ज्याड-रतन्छा-नैनेपाटी सडक स्तरोन्नती योजना | | ३५००००० |

०२/३९

| | | |
|---|---|---|
| १३ | मानेभनज्याङ - बोपुङ खिदिमा - काल्चिङखोला सडक स्तरोन्नती योजना | ४०००००० |
| १४ | मोसुङ - रतन्छा - रुपुवाखोला सडक स्तरोन्नती योजना (रतन्छा खण्ड) | २५००००० |
| १५ | रुपुवाखोला - बाक्रेच्यान्डाडा सडक स्तरोन्नती योजना (च्यान्डाडा खण्ड) | ३८००००० |
| १६ | साप्सु - मानेभन्ज्याङ सडक स्तरोन्नती योजना (वडा ४, ५ खण्ड मात्तिम) | २५००००० |
| १७ | मानेभन्ज्याङ - पान्धारे सडक स्तरोन्नती (खिदिमा खण्ड) | ३३००००० |
| | **वडा स्तरीय सडक** | |
| १८ | कुन्तुङ - सडक निर्माण योजना (वडा १) | ५००००० |
| १९ | डाडागाउँ - दोवेला सडक निर्माण योजना (वडा १) | १५००००० |
| २० | लामी दुवाली - पिनालाखा छांवुला सडक स्तरोन्नती योजना (वडा २) | १५००००० |
| २१ | मूलखर्क - मपारुङडाँडा सडक निर्माण योजना (वडा २) | ५००००० |
| २२ | किवा - रुवालुङ - मखमले - सोल्मा - वडा कार्यालय हुँदै भाङटार सडक निर्माण योजना (वडा ३) | २०००००० |
| २३ | नौलाखर्क - हुपापु - आहाले - मानेगाउ - छागेखोला हुँदै धंगेरी धिप्लुङ छागा स्तरोन्नती (वडा ४) | १५००००० |
| २४ | नौलाखर्क - पारुङ - कात्तिके सडक स्तरोन्नती (वडा ४) | ५००००० |
| २५ | डाडाटोल - तावाखोला सडक स्तरोन्नती योजना (वडा ५) | १२००००० |
| २६ | वरडाडा - कुनाई सडक निर्माण योजना (वडा ५) | ४००००० |
| २७ | जम्बुखोला - बोफाई हुँदै देवीथान सडक स्तरोन्नती (वडा ५) | ४००००० |
| | **अन्य पूर्वाधार निर्माण योजना** | |
| २८ | शहिद पार्क निर्माण योजना, मानेभन्ज्याङ | १०००००० |
| २९ | मानेभन्ज्याङ प्रहरी कार्यालय भवन निर्माण योजना | १५००००० |
| ३० | क्रमागत ४ नं. वडा कार्यालय भवन निर्माण योजना | १०००००० |
| ३१ | क्रमागत दलित सीप विकास भवन निर्माण तथा आवश्यक औजार खरिद योजना, मानेभन्ज्याङ | ७००००० |
| ३२ | इन्टरनेट सेवा विस्तार योजना | १०००००० |
| ३३ | मानेभन्ज्याङ बजार व्यवस्थापन कार्यक्रम | ७००००० |
| | जम्मा | ४०५००००० |
| | **कुल जम्मा** | ५८००००००० |

पुनश्चः गाउँपालिका अन्तर्गतका विषयगत शिर्षकमा विनियोजित रकम सम्बन्धित विषयगत शाखासँगको समन्वयमा कार्यक्रम तयार गरि लागू गरिनेछ। साथै गाउँपालिकाले तय भएका कार्यक्रम र वडाबाट छनोट भई आएका सोही योजनासँग सम्बन्धित कार्यक्रमको हकमा एउटै कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ। साथै बहुक्षेत्रीय पोषन कार्यक्रम, चालु आ.व. को मौजात रकम र प्रदेश सरकार बाट प्राप्त हुने अन्य अनुदानको हकमा आगामी गाउँकार्यपालिकाको बैठकबाट निर्णय गरी आवश्यक कार्यक्रम बनाई कार्यन्वयन गरिनेछ।

०३/३/१

अर्जुनकुमार खड्का
अध्यक्ष

## साकेला गाउँकार्यपालिका
## वडागत आयोजनाहरु
## वडा नं. १ बर्भैंच्यान्डाँडा
### अनुसूची - २

| क.स | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| | **आर्थिक विकास** | | | |
| १ | पञ्चकन्या देवीस्थान मन्दीर मर्मत योजना | सेखुवा | १५०००० | |
| २ | देवालीथान मर्मत योजना | डाडीगाउ | १५०००० | |
| | | जम्मा | ३००००० | |
| | | | | |
| ३ | अंकुशे पिपिरे खानेपानी योजना | डाडीगाउ | ५०००० | |
| ४ | बतासे खानेपानी योजना | डाडीगाउ | १५०००० | |
| ५ | बार्भै खानेपानी योजना | बार्भै | २००००० | |
| ६ | धारिम मुहान खानेपानी योजना | सेखुवा | १००००० | |
| ७ | मलुवा खोला खा.पा. योजना | सेखुवा | १५०००० | |
| ८ | बाल मैत्री कक्षा सञ्चालन | | १००००० | |
| ९ | युवा तथा खेलकुद विकास कार्यक्रम | | १५०००० | |
| १० | आदिवासी जनजाती उत्थान कार्यक्रम | | ६०००० | |
| ११ | दलित उत्थान कार्यक्रम | | ९०००० | |
| १२ | डिचुङ खा.पा. योजना | बार्भै | ३००००० | |
| | | जम्मा | १३५०००० | |
| | **पूर्वाधार विकास** | | | |
| १३ | बार्भै स्वास्थ्य चौकी - वडा कार्यालय सडक निर्माण योजना | बार्भै | ९९२०० | |
| १४ | बोहोरीडाँडा - बुसुरी ग्रामिण सडक निर्माण योजना | डाँडागाउ | १००००० | |
| १५ | वडा कार्यालय - कुन्तुङ सडक निर्माण योजना | बार्भै | ३००००० | |
| १६ | बादुङ शाखा सडक निर्माण योजना | बादुङ | १५०००० | |
| १७ | फलाटे - चुइमा शाखा सडक निर्माण योजना | फलाटे | १५०००० | |

०३।३९

अर्जुनकुमार [stamp]

| | | | | |
|---|---|---|---|---|
| १८ | जालपा मा.वि. खेलमैदान निर्माण योजना | सेखुवा | ४००००० | |
| १९ | भलिबल ग्राउण्ड निर्माण योजना | डाँडागाउ | ५०००० | |
| २० | रुम्सा गोरेटो बाटो निर्माण योजना | डाँडागाउ | ५०००० | |
| २१ | बोहोरीडाँडा सिंचाई कुलो मर्मत योजना | डाँडागाउ. | २२५००० | |
| २२ | सिम्ले कुलो मर्मत योजना | डाँडागाउ | १००००० | |
| २३ | डाँडाखर्क कुलो मर्मत योजना | डाँडाखर्क | ७५००० | |
| २४ | बक्कु कुलो मर्मत योजना | डाँडागाउ | १००००० | |
| २५ | पुड्दवा कुलो मर्मत योजना | डाँडागाउ | ५०००० | |
| २६ | गौंथले कुलो मर्मत योजना | डाँडागाउ | १००००० | |
| | | जम्मा | १९४९२०० | |
| | **संस्थागत विकास** | | | |
| २७ | महिला स्वयमसेवीका प्रोत्साहन भत्ता | | १००८०० | |
| २८ | वडा कार्यालय मेशीनरी उपकरण खरिद | | ३०६७०० | |
| २९ | वडा कार्यालय फर्निचर खरिद | | १००००० | |
| ३० | स्वास्थ्यचौकी फर्निचर खरिद | | ६०००० | |
| ३१ | रेडकस उपशाखा भवन मर्मत योजना | | ४०००० | |
| ३२ | सामुदायीक स्वास्थ्य इकाई चर्पी निर्माण र प्लाष्टर | | १५०००० | |
| ३३ | राधाकृष्ण मा.वि. भवन रङरोकन | | ५०००० | |
| | | जम्मा | ८०७५०० | |
| | | कुल जम्मा | ४४०६७०० | |

| साकेला गाउँकार्यपालिका | | | | |
|---|---|---|---|---|
| वडागत आयोजनाहरु | | | | |
| वडा नं. २ रतन्छा | | | | |
| अनुसूची - २ | | | | |
| क.स | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
| | पर्वद्धनात्मक योजनाहरु | | | |
| १ | दलित उत्थान कार्यक्रम | | १००००० | |
| २ | जनजाती उत्थान कार्यक्रम | | १००००० | |
| ३ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | | ३०००० | |
| ४ | फरक क्षमता विकास कार्यक्रम | | २५२५० | |
| ५ | स्वास्थ्य स्वयमसेवीका प्रोत्साहन भत्ता | | ८४००० | |
| ६ | खेलकुद विकास कार्यक्रम | | १५०००० | |
| | | जम्मा | ४८९२५० | |
| | पूर्वाधार विकास योजनाहरु | | | |
| ७ | दारीमटोल-धिकुतुड, दारुलाटार-रुमला, साधुडाडा-बैशाखे सडक स्तरोन्नती मर्मत योजना | | ४००००० | |
| ८ | मिनबहादुर डाँडा–सुर्के-जन्तरे आहाल सडक स्तरोन्नती | | ५००००० | |
| ९ | कृष्णे डाँडा-धिलावु सडक निर्माण र स्तरोन्नती | | ५००००० | |
| १० | लामीदुवाली घर्तीडाँडा मुलबाटो निर्माण | | ५०००० | |
| | | जम्मा | १४५०००० | |
| | सिंचाइ र खानेपानी मर्मत तथा निर्माण | | | |
| ११ | बानुवा दोभान कुलो मर्मत | | २५०००० | |
| १२ | मह दह कुलो मर्मत | | ६६००० | |
| १३ | सिंचाई पाइप खरिद योजना | | २००००० | |
| १४ | खानेपानी पाइप खरिद योजना | | २००००० | |
| १५ | जनजाग्रिती समूह पानी पोखरी निर्माण | | ३०००० | |
| | | जम्मा | ७४६००० | |
| | शिक्षा, स्वास्थ्य, सुरक्षा तथा अन्य | | | |

| | | | | |
|---|---|---|---|---|
| | १६ साकेला मा.वि. कम्प्युटर र प्रोजेक्टर खरिद | | ४५०००० | |
| | १७ साल्मे आ.वि. बालमैत्री कक्षा सञ्चालन | | ५०००० | |
| | १८ टाकिबारी बालमैत्री कक्षा सञ्चालन | | ५०००० | |
| | १९ पिपलडाँडा बालमैत्री कक्षा सञ्चालन | | ५०००० | |
| | २० सरस्वती बालमैत्री कक्षा सञ्चालन | | ५०००० | |
| | २१ पञ्चकन्या बालमैत्री कक्षा सञ्चालन | | ५०००० | |
| | २२ कोपिला बालविकास केन्द्र व्यवस्थापन | | २५००० | |
| | २३ जनसेवा बालविकास केन्द्र व्यवथापन | | २५००० | |
| | २४ सुनगाभा बालविकास केन्द्र व्यवस्थापन | | २५००० | |
| | २५ प्रहरी चौकी व्यवस्थापन | | २६००० | |
| | २६ रतन्छा माझगाउँ बजार व्यवस्थापन | | ३०००० | |
| | | जम्मा | ८३१००० | |
| | | कुल जम्मा | ३५१६२५० | |

अर्जुनकुमार खड्का
अध्यक्ष

## साकेला गाउँकार्यपालिका

## वडागत आयोजनाहरु

## वडा नं. ३ खिदिमा

### अनुसूची - २

| क्र.स | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| | सामाजिक विकास | | | |
| १ | शिद्धकाली आधारभुत विद्यालय, बाल मैत्री कक्षा | साकेला ३, सोल्मा | ६०००० | |
| २ | जनता आधारभुत विद्यालय, बाल मैत्री कक्षा | साकेला ३, मखमले | ७०००० | |
| ३ | साझा आधारभुत विद्यालय, बाल मैत्री कक्षा | साकेला ३, किवा | १००००० | |
| ४ | संसारीटार आधारभुत विद्यालय, बालमैत्री कक्षा | साकेला ३, बोपुङ | ७०००० | |
| ५ | नवज्योती आधारभुत विद्यालय, बालमैत्री कक्षा | साकेला ३, ढाडे | ५०००० | |
| ६ | साकेला आधारभुत विद्यालय, बाल मैत्री कक्षा | साकेला ३, सौरे | १००००० | |
| ७ | बालविकास केन्द्र, कोठा हातिसुडे | साकेला ३, हात्तिसुडे | ५०००० | |
| ८ | जनजाती सशक्तिकरण | | ५०००० | |
| ९ | साकेलाथान मर्मत कोठा | | ५०००० | |
| १० | महिला सशक्तिकरण | | १००००० | |
| ११ | फरक क्षमता भत्ता बितरण | | ६०००० | |
| १२ | दलित शिप विकास | | ६०००० | |
| १३ | ज्येष्ठ नागरीक सम्मान | | ६०००० | |
| १४ | महिला स्वास्थ्य स्वयम सेवीका प्रोत्साहन भत्ता | | ६४८०० | |
| १५ | युवा तथा खेलकुद सामग्री खरिद | | ५०००० | |
| १६ | पूर्ण सरसफाई वडा घोषणा अभियान | | ४००००० | |
| | | जम्मा | १३९४८०० | |
| | पूर्वाधार विकास | | | |
| १ | लामिडाडा पानटार बाट खारुवाखोला सडक निर्माण | | १५०००० | |
| २ | हातिसुडे कोठा ग्रामिन सडक निर्माण | | २००००० | |
| ३ | ढाडे बोपुङ सडक स्तरोन्नती | | १५०००० | |

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | हावाखोला आर.सि.सि.पुल | | ३००००० | |
| ५ | बोपुङ टोल स्तरीय खेल मैदान निर्माण | | १००००० | |
| ६ | किवाखोला पेल्ट्रीकसेट मर्मत | बोरा | १००००० | |
| ७ | एपोसी खोला पेल्ट्रीकसेट मर्मत | मखमले | १००००० | |
| ८ | शिद्धकालि प्रा.वि. प्रतिक्षालय निर्माण | सोल्मा | ८०००० | |
| ९ | किवा - रुवालुङ - मखमले - सोल्मा - वडाकार्यालय हुदै भाडटार सडक निर्माण | | ४२५६०० | |
| | | जम्मा | १५०५६०० | |
| | संस्थागत विकास | | | |
| १ | श्री सिद्धेश्वरी मा.वि. खिदिमा तार घेराबार | | ५००००० | |
| २ | साभा आधारभुत विद्यालय, भवन मर्मत | | २५०००० | |
| | | जम्मा | ७५०००० | |
| | | कुल जम्मा | ३६५०४०० | |

अर्जुनकुमार खड्का

अध्यक्ष

## साकेला गाउँकार्यपालिका

### वडागत आयोजनाहरु

### वडा नं. ४ मात्तिम

### अनुसूची - २

| क.स | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| | **आर्थिक विकास** | | | |
| १ | कालिकोट कुलपुजा मन्दिर मर्मत | पारुङ | १०२५० | |
| २ | पन्चकन्या देवीस्थान मन्दिर मर्मत | मात्तिम | २५००० | |
| | | जम्मा | ३५२५० | |
| | **सामाजिक विकास** | | | |
| ३ | पिचाकु खानेपानी योजना | पारुङ | १००००० | |
| ४ | पाउदुरे जागिरेम्पा धारा ट्यांकी निर्माण | पाउदुरे | ३०००० | |
| ५ | ठूलोधारा मुहान संरक्षण | नौलाखर्क | १००००० | |
| ६ | सल्लेरी खा.पा. टेकी निर्माण | सल्लेरी | २६२०० | |
| ७ | पिचाकु धनवरे पाउदुरे वडा कार्यालय खा.पा. निर्माण योजना (क्रमागत) | | ३००००० | |
| ८ | महिला सीप विकास तथा वडास्तरीयव भवन निर्माण कार्यक्रम (क्रमागत) | | २००००० | |
| ९ | युवा तथा खेलकुद विकास कार्यक्रम | | १००००० | |
| १० | जनजाती उत्थान तथा सीप विकास कार्यक्रम | | १५०००० | |
| ११ | फरक क्षमता राहत कायक्रम | | ५०००० | |
| १२ | मानेगाउँ माझगाउँ आछामे, कार्की तथा खोलापारी टोल खा.पा योजना | | १५०००० | |
| १३ | मानेगाउँ प्रा.वि. बालमैत्री कक्षा सन्चालन | | १००००० | |
| १४ | दलित सीप विकास कार्यक्रम | | १००००० | |
| | | जम्मा | १४०६२०० | |
| | **पूर्वाधार विकास** | | | |
| १५ | नौलाखर्क पारुङ कात्तिके सडक स्तरोन्नती | मात्तिम | २००००० | |
| १६ | कोल्टिडाँडा देवीथान सडक स्तरोन्नती | पारुङ | ५०००० | |

गाउँपालिकाको मात्तिम, खोटाङ १ प्रदेश नेपाल २०७३

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १७ | झुलझुले देवीधाम लाम्चे देवीखोला सि. योजना | | १००००० | |
| १८ | नौलाखक टुपाबु आहाले मानेभन्ज्याङ छागेखोला धगरी थिप्लुङ छागा सडक स्तरोन्नती | | ४००००० | |
| १९ | मानेगाउं पाउदुरे बिसौनी बर वडा का. धनवर हुदै मुल सडक जोड्ने सडक | | ४००००० | |
| २० | डल्लेबर सल्लेरी आहाले सडक स्तरोन्नती | | २५०००० | |
| २१ | डाडेखोला मुहान लंकाधुर सल्लेरी पाउदुरे सिंचाई योजना | | १००००० | |
| २२ | पायप खरिद योजना | | १००००० | |
| | | जम्मा | १६००००० | |
| | **संस्थागत विकास** | | | |
| २३ | महिला स्वास्थ्य स्व.से. प्रोत्साहन भत्ता | | ५८८०० | |
| २४ | प्रजातन्त्र प्रा.वि. फर्निचर निर्माण योजना | | ५०००० | |
| २५ | बालबालिका मा.वि उपकरण खरिद योजना | | ३००००० | |
| | | जम्मा | ४०८८०० | |
| | | कुल जम्मा | ३४५०२५० | |

०३।६।१

अर्जुनकुमार खड्का
अध्यक्ष

## साकेला गाउँकार्यपालिका

### वडागत आयोजनाहरु

### वडा नं. ५ मात्तिम

### अनुसूची - २

| क्र.स | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| | **खानेपानी व्यवस्थापन** | | | |
| १ | पिचापु खा.पा. मर्मत बोफुई | बोफुई | ४०००० | |
| २ | कर्कले खा.पा. मर्मत विर्ता | विर्ता | ४०००० | |
| ३ | नमुना खा.पा. मर्मत बोफुई | बोफुई | १००००० | |
| ४ | कटहरे गैरी खा.पा. कात्तिके | | १००००० | |
| ५ | जेके पानी खा.पा. | कात्तिके | १००००० | |
| ६ | बगुवा खा.पा. | कात्तिके | ५०००० | |
| ७ | सिस्नेरी खा.पा. डाँडाटोल क | डाँडाटोल | ४०००० | |
| ८ | पिपलबोटे खा. पा. | अधिकारी टोल | ६०००० | |
| ९ | पधेरी टुड्टुडे खा.पा | पृष्टी टोल | ५०००० | |
| १० | सिस्नेरी खा.पा. डाँडाटोल ख | डाँडाटोल | ४०००० | |
| ११ | बुढीसिम खा.पा. | साकेला टोल | १५०००० | |
| १२ | टुड्टुडे खा.पा. | डाँडाटोल | ५०००० | |
| १३ | सरश्वती मा.वि. खा.पा | योजना एरीया | १००००० | |
| | | जम्मा | ९२०००० | |
| | **पुर्वाधार विकास** | | | |
| १४ | मिलडाँडा बोफुई कात्तिके सडक खण्ड | | २००००० | |
| १५ | बरडाँडा कुनाई ट्याक सडक | | २००००० | |
| १६ | बरडाँडा छितुवा तावाखोला ट्याक सडक | | २००००० | |
| १७ | साकेला थान बाट लक्ष्मी ढकालको घरछेउ मेनरोड जोड्ने सडक | | २००००० | |
| १८ | कामीसरा देखी हातीढुंगा जोड्ने सडक | | १८७००० | |
| १९ | जयपती थान हुदै तल्लो विर्ता मेनरोड जोडने सडक | | १८६८०० | |

| | | | | |
|---|---|---|---|---|
| २० | धिमा कुलो सिंचाई | | ३५०००० | |
| | | जम्मा | १५२३८०० | |
| | **सामाजिक विकास** | | | |
| २१ | जोखेडाडा नि.मा.वि. बालमैत्री कक्षा कोठा संचालन | | १५०००० | |
| २२ | विद्युत विस्तार | | १००००० | |
| २३ | तिनधारे प्रतिक्षालय मर्मत | | ६०००० | |
| २४ | दलित क्षमता विकास | | ४०००० | |
| २५ | आदीवासी जनजाती कार्यक्रम | | १५०००० | |
| २६ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | | ३०००० | |
| २७ | फरक क्षमता विकास तालिम | | ५०००० | |
| २८ | स्वयमंसेवीका भत्ता वापत | | ४२००० | |
| २९ | महिला विकास कार्यक्रम वापत | | १००००० | |
| ३० | विपद व्यवस्थापन | | १५०००० | |
| ३१ | स्वपिया थान व्यवस्थापन | | १४०००० | |
| | | जम्मा | १०१२००० | |
| | | कुल जम्मा | ३४५५८०० | |

अर्जुनकुमार खड्का
अध्यक्ष

## अनुसूची - ३

### आर्थिक वर्ष २०७५/०७६ का लागि चालू बजेट

| वजेट शिर्षक | खर्च वित्तिय नं. | कुल अनुमानित वजेट |
|---|---|---|
| तलव | | १,२५,००,०००.०० |
| स्थानीय भत्ता | | १,४०,०००.०० |
| महगी भत्ता | | ८,४०,०००.०० |
| फिल्ड भत्ता | | २,००,०००.०० |
| अन्य भत्ता | | ५,७०,०००.०० |
| पोशाक भत्ता | | ३,४०,०००.०० |
| पानी तथा विजुली | | २,००,०००.०० |
| सञ्चार महसुल | | २,००,०००.०० |
| घर भाडा | | २,००,०००.०० |
| ईन्धन | | ९०,००,०००.०० |
| वीमा | | २,००,०००.०० |
| ईन्धन तथा अन्य प्रयोजन | | ३,००,०००.०० |
| कार्यालय सञ्चालन खर्च | | २०,००,०००.०० |
| निर्मित सार्वजानिक सम्पत्तिको मर्मत सम्भार खर्च | | ३,००,०००.०० |
| कर्मचारी तालिम | | ३,००,०००.०० |
| कार्यक्रम खर्च | | ५,००,०००.०० |
| अनुगमन मूल्याङ्कण | | ४,००,०००.०० |
| भ्रमण खर्च | | १०,००,०००.०० |
| अन्य सेवा शूल्क | | १०,००,०००.०० |
| विभिध खर्च | | १२,२०,०००.०० |
| जम्मा | | २,९९,००,०००.०० |

अर्जुनकुमार खड्का
अध्यक्ष

अनुसूची -४

## संघिय सरकार तथा प्रदेश सरकारलाई माग गर्ने निम्न योजनाहरु:

### (क) आर्थिक विकास तर्फ

१) पाच वटै वडामा कृषि पकेट कार्यक्रम आयोजनाको लागि पहल गर्ने ।

२) रेम्बो ट्राउट माछा विकास आयोजना १, २ र ३ वडालाई माग गर्ने ।

३) कार्प माछा विकास कार्यक्रम २, ४ र ५ नं. वडालाई माग गर्ने ।

४) ताहाभन्ज्याङमा तावाताल निर्माण गर्न माग गर्ने ।

५) पर्यटन प्रवर्धनका लागि चखेवाभन्ज्याङ - मपारुङ भिर - मानेभन्ज्याङ - खिदिमा - तावाभन्ज्याङ - टेम्के कोरिडोरको पदमार्ग तयार गर्ने ।

### (ख) सामाजिक विकास

१) गाउँपालिका स्तरीय २५ सैंयाको अस्पताल पहल गर्ने ।

२) ४ नम्बर वडाको लागि स्वास्थ्य चौकी भवन तथा जनशक्तीको लागि पहल गर्ने ।

३) अपुग दर्वन्दी भएका विद्यालयहरुको लागि दर्वन्दी पहल गर्ने ।

४) गाउँपालिका स्तरीय एक प्राविधिक शिक्षालय र एक कृषि शिक्षालयको लागि आवश्यक पहल गर्ने ।

५) वडा नं. २ मा रहेको दार्लाटार खेल मैदान विस्तार तथा पूर्वाधार विकास साथै कवर्ड हल भवन निर्माणको लागि बजेट पहल गर्ने ।

### (ग) पूर्वाधार विकास

अर्जुनकुमार खड्का
अध्यक्ष

१) दिक्तेल - मानेभन्ज्याङ - पान्धारे सडक अन्तर्गत साप्सु - पान्धारे सडकलाई थप बजेट पहल गर्ने (अन्तर पालिका तथा जिल्ला जोडने सडक) ।

२) कात्तिके - सोस्तुङ - रतन्छा - च्यान्डाँडा - चखेवाभन्ज्याङलाई थप बजेट माग गर्ने (मध्ये पहाडि लोकमार्ग जोडने सडक) ।

३) रतन्छा - मानेभन्ज्याङ - खिदिमा - छितापोखरी सडक लाई बजेट माग गर्ने ( अन्तरपालिका जोड्ने सडक) ।

४) वडा नं. - ३ खोवुखोला सडक पक्कीपुल निर्माण योजनाको लागि बजेट माग गर्ने ।

५) वडा नं. - १ र २ रुपुवाखोला पक्किपुल निर्माण योंजनाको लागि बजेट माग गर्ने ।

६) किवा - रुवालुङ - मखमले - सोल्मा - वडा कार्यालय हुँदै भाङटार सडक निर्माण योजनाको लागि बजेट माग गर्ने ।

७) तावाखोला पक्कीपुल निर्माण योजना वडा नं. - ३ अन्तरपालिका जोडने पुलको लागि बजेट माग गर्ने ।

८) मात्तिम - तावादोभान - दिखुवा दोभान हुँदै रेग्मीटार अन्तर जिल्ला जोड्ने द्रुतमार्ग सडकको लागि पहल गर्ने ।

९) डाँडागाउँ - दोवेला सडक निर्माण योजनाको लागि पहल गर्ने (अन्तरपालिका जोड्ने सडक) ।

१०) चखेवा - साप्सुढाप सडकको लागि पहल गर्ने (अन्तर जिल्ला जोड्ने सडक) ।

११) मानेभन्ज्याङ - हुपापु - आहाले - मानेगाउँ - छागेखोला - धिप्लुङ छागा सडकको लागि पहल गर्ने (अन्तर पालिका जोड्ने सडक) ।

१२) कुन्तुङ सडक निर्माण योजनाको लागि पहल गर्ने (अन्तर पालिका जोड्ने सडक) ।

१३) गाउँपालिका भित्र सवै वडाकार्यालय सरकारी तथा गैरसरकारी संघ संस्था र जनघनत्व हेरी अप्टिकल फाइबर हाली इन्टरनेट तथा इन्ट्रानेटको लागि बजेट माग गर्ने ।

०३/२७

अर्जुनकुमार खड्का
अध्यक्ष

१४) वडा नं. २, ४ र ५ खानेपानी योजनालाई क्रमागत रुपमा पहल गर्ने ।

१५) गाउँपालिका कार्यालय भवन निर्माण तथा ५ वटै वडा कार्यालय भवन निर्माण योजनाको लागि माग गर्ने ।

१६) साकेला गाउँपालिकामा रहेका निम्नानुसारका मा.वि. को लागि ४ कोठे भवनको लागि पहल गर्ने ।

- राधाकृष्ण मा.वि. बाभ्रैंच्यान्डाँडा
- साकेला मा.वि. रतन्छा
- शिद्धेश्वरी मा.वि. खिदिमा
- वालवालिका मा.वि. मानेभन्ज्याङ
- सरस्वती मा.वि. मात्तिम

१७) सिंचाई तर्फ

अ) पञ्चनहर सिंचाई कुलो योजना, वडा नं. - ४ र ५ मात्तिम ।

आ) गाउँफर्क सिंचाई कुलो, वडा नं. - ४ र ५ मात्तिम ।

इ) कालीदह सिंचाई कुलो, वडा नं. - ४ र ५ मात्तिम ।

ई) आतेरी छाँगा कुलो निर्माण, वडा नं. ५ मात्तिम ।

उ) देवीखोला दोभान सिंचाई कुलो योजना वडा नं. - ५, मात्तिम ।

ऊ) धुम्सीखोला सिंचाई योजना मात्तिम ।

ए) गाग्रीदह सिंचाई कुलो निर्माण वडा नं. - २, रतन्छा ।

ऐ) धिमा कुलो निर्माण, वडा नं. २, रतन्छा ।

ओ) भालुखोला सिंचाई कुलो योजना वडा नं. - १ ।

औ) वोहोरी डाँडा सिंचाई कुलो निर्माण योजना वडा नं. - १ ।

अं) चियाबारी सिंचाई योजना वडा नं. - ३ ।

०३/३९

अर्जुनकुमार खड्का
अध्यक्ष

१८) झोलुङ्गे पुल

अ) साप्सुखोला मित्रे दोभान अन्तरपालिका जोड्ने झोलुङ्गे पुल योजना वडा ५ ।

आ) दोबुवा दोभान झोलुङ्गे पुल योजना वडा नं. १ ।

इ) देवीथान खोला झोलुङ्गे पुल योजना वडा नं. १ ।

ई) गाग्रीदह झोलुङ्गे पुल निर्माण योजना वडा नं. २ ।

उ) खोबुखोला झोलुङ्गे पुल योजना वडा नं. ३ ।

ऊ) मानेगाउ बसेरी झोलुङ्गे पुल योजना तावाखोला वडा नं. ४ ।

१९) विद्युत विस्तार

अ) वडा नं. १, बाझेँच्यान्डाँडा विद्युत विस्तार ।

आ) वडा नं. ३, खिदिमा विद्युत विस्तार ।

इ) तावाखोला दोस्रो लघु जलविद्युत व्यवस्थापन तथा स्तरोन्नती, वडा नं. - ४ ।

२०) अन्य योजनाहरु

अ) गाउँपालिका स्तरीय कोल्डस्टोर निर्माण ।

आ) गाउँपालिका स्तरीय महिला शसक्तिकरण भवन निर्माण ।

इ) गाउँपालिका स्तरीय खेलमैदान निर्माण ।

ई) दलित सीप विकास भवन निर्माण मानेभन्ज्याङ ।

उ) मानेभन्ज्याङ बजारमा टहरा निर्माण योजना ।

ऊ) मानेभन्ज्याङ बजारमा सार्वजनिक सौचालय निर्माण योजना ।

ए) पालिका स्तरीय जनजाती सग्राहालय भवन निर्माण ।

ऐ) पालिका स्तरीय ज्येष्ठ नागरीक आश्रम भवन निर्माण ।

०३/३९